**अनुसूची- २**

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

जोशीपुर गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः४ संख्याः १ मितिः २०७७/०२/१९

**भाग-२**

**जोशीपुर गाउँपालिका**

## सामुदायिक विद्यालयलाई निजी स्रोत शिक्षक व्यवस्थापन अनुदान वितरण कार्यविधि २०७७

नेपालको संविधान २०७२ को अनुसूची ८,स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज ले दिएको अधिकार कार्यान्वयन गर्नका लागि दरवन्दी/राहत अनुदान कोटा कम भएका र अत्याधिक विद्यार्थी संख्या भएका सामुदायिक विद्यालयहरुमा निजी स्रोत शिक्षक व्यवस्थापन कार्य गर्नका लागि शिक्षक व्यवस्थापन अनुदान वितरण कार्यविधि २०७७ कार्यपालिकाको मिति २०७७ जेठ १९ गतेको बैठकबाट स्वीकृत गरी जारी गरिएको छ ।

# परिच्छेद- १
## प्रारम्भिक
## संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ (१) यो कार्यविधिको नाम"सामुदायिक विद्यालयहरुलाई निजी स्रोत शिक्षक व्यवस्थापन अनुदान वितरण कार्यविधि २०७७" रहेको छ।

(२) यो कार्यविधि जोशीपुर गाउँपालिका क्षेत्रभर लागु हुनेछ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "गाउँपालिका"भन्नाले जोशीपुर गाउँपालिकालाई सम्झनु पर्दछ।

(ख) "कार्यपालिका"भन्नाले जोशीपुर गाउ ँकार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) "गाउँशिक्षा समिति"भन्नाले जोशीपुर गाउँपालिकामा गठित गाउँशिक्षा समितिलाई सम्झनु पर्दछ।

(घ) "अध्यक्ष" भन्नाले जोशीपुर गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

(ङ) "उपाध्यक्ष" भन्नाले जोशीपुर गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रसाशकीय अधिकृत" भन्नाले जोशीपुर गाउँपालिकाको प्रसाशकीय प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्दछ।

(छ) "शिक्षा शाखा" भन्नाले जोशीपुर गाँउपालिकामा रहेको शिक्षा, यूवातथा खेलकुद शाखालाई सम्झनु पर्छ।

(ज) "शिक्षा अधिकृत" भन्नाले जोशीपुर गाँउपालिकाको शिक्षाशाखाको प्रमुख वा सो प्रमुखको कामकाजगर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(झ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारबाट वा गाँउपालिकाबाट अनुमति पाई अनुदान प्राप्त गर्ने विद्यालय भन्ने सम्झनु पर्दछ।

(ञ) "आधारभूत तह" भन्नाले कक्षा १ देखि ८ सम्म सञ्चालित विद्यालयको तह भन्ने सम्झनु पर्दछ।

(ट) "माध्यामिक तह" भन्नाले कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालयको तह भन्ने सम्झनु पर्दछ।

(ठ) "विद्यार्थी संख्या" भन्नाले IEMIS मा प्रविष्ट भएका विद्यार्थी संख्यालाई सम्झनु पर्दछ।

(ड) "दरबन्दी" भन्नाले समुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त दरवन्दी तथा राहत अनुदान

कोटा भन्ने सम्झनु पर्दछ ।

(ढ) "STR" भन्नाले शिक्षक विद्यार्थी अनुपातलाई सम्झनु पर्दछ ।

## परिच्छेद- २

## अनुदान वितरणका मापदण्डहरु

३. सामुदायिक विद्यालयमा निजी स्रोत शिक्षक व्यवस्थापन अनुदान रकम निर्धारणका मापदण्डहरु देहायबमोजिम हुनेछन्:

क) गाउँ कार्यपालिकाबाट सामुदायिक विद्यालयका निजीस्रोत शिक्षक व्यवस्थापनका लागि विनियोजन गरिने कुल रकम मध्ये पचास प्रतिशत (५०%) रकम तहगत रुपमा सबै विद्यालयलाई एकमुष्ट शैक्षिक अनुदान दिइने छ ।

ख) बुँदा ३ क को रकम छुट्याइ बाँकी रहने पचास प्रतिशत (५०%) रकम शिक्षक विद्यार्थी अनुपात STR का आधारमा अनुदान दिइनेछ ।

ग) बुँदा ३ क बमोजिम अनुदान निर्धारण गर्दा पचास प्रतिशत (५०%) रकमलाई शत प्रतिशत मानी आधारभूत तह कक्षा १-५ सम्मका विद्यालयहरुलाई २६%, आधारभूत तह कक्षा ६-८ सम्मलाई २६% र मा.वि.तह कक्षा ९-१० सम्मका लागि ३५% र मा.वि. तह ११-१२ का लागि १३% का दरले रकम छुट्याई सम्बन्धित तहको विद्यालय संख्याले भाग गरी अनुदान दिइने रकम निर्धारण गरिने छ ।

घ) बुँदा ३ ख बमोजिम शिक्षक विद्यार्थी अनुपात STR का आधारमा अनुदान दिइने पचास प्रतिशत (५०%) रकमलाई शत प्रतिशत मानी देहायबमोजिम तहगत रुपमा छुट्याएर वितरण गरिने छ :

१. कक्षा १-५ सम्म सञ्चालित विद्यालयहरुलाई १४% का दरले हुन आउने रकम,

२. कक्षा ६-८ सम्म सञ्चालित विद्यालयहरुलाई ३५ % का दरले हुन आउने रकम,

३. मा.वि. तह कक्षा ९-१० सम्म सञ्चालित विद्यालयहरुका लागि कुल रकमको ४५% का दरले हुन आउने रकम ।

४. मा.वि. तह कक्षा ११-१२ सम्म सञ्चालित विद्यालयहरुका लागि कुल रकमको ६% का दरले हुन आउने रकम ।

ङ) बुँदा ३ घ को १, २ र ३ बमोजिम छुट्याइने रकम विद्यालयमा विद्यमान रहेको सरकारी दरबन्दी तथा राहत कोटाको शिक्षक संख्या र EMIS मा प्रविष्ट भएका विद्यार्थी संख्यालाई राष्ट्रिय मापदण्ड १:५० को आधारमा अनुपात निकालि बढी हुन आउने सबै विद्यालयको सम्बन्धित तहको कुल विद्यार्थी संख्याले सम्बन्धित तहको कुल STR रकमलाई भाग गरी प्रति विद्यार्थी अनुदान रकम निर्धारण गरिने छ ।

च) शिक्षक विद्यार्थी अनुपातमा बढी हुन आउने विद्यार्थी संख्यालाई (३ ङ बमोजिम निर्धारण गरिने) प्रति विद्यार्थी अनुदान रकमले गुणन गरी हुन आउने कुल रकम विद्यालयहरुलाई शिक्षण अनुदान दिइने छ ।

४. बुँदा नं. ३ क र ख बमोजिम दिइने अनुदान रकम निर्धारण गर्दा विद्यालयको वार्षिक आम्दानी स्रोतलाई समेत आधार लिन सकिने छ ।

५. अनुदान रकम माग गर्नुपर्नेः सामुदायिक विद्यालयहरुले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र देहायबमोजिमका तथ्याङ्क सहित गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा निजी स्रोत शिक्षक व्यवस्थापन अनुदान रकम माग गर्नु पर्नेछ :

क) विद्यालयमा कार्यरत सरकारी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षक विवरण,

ख) EMIS मा प्रविष्ट भएका विद्यार्थी विवरण,

ग) गाउँ पालिका बाट दिइने निजी स्रोत शिक्षक व्यवस्थापन अनुदान रकम निजी स्रोतका शिक्षकलाई भुक्तानी गरिएको तलबी भर्पाइ ।

६. विद्यालयहरुबाट निजी स्रोत शिक्षक व्यवस्थापन अनुदान रकम मागको निवेदन प्राप्त भएको एक महिनाभित्र गाउँ शिक्षा समितिले शिक्षा, युवा तथा खेलकुद शाखाको प्राविधिक सहयोगमा माथि बुँदा नं. ३ को क देखि च सम्मको मापदण्डका आधारमा विद्यालयहरुलाई अनुदान रकम बाँडफाँड गर्नु पर्नेछ ।

७. गाउँ शिक्षा समितिले बाँडफाँड गरेको रकम १५ दिन भित्र शिक्षा युवा तथा खेलकुद शाखाले सम्बन्धित विद्यालयहरुको बैंक खातामा निकासा पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

८. गाउँपालिकाबाट निजी स्रोत शिक्षक व्यवस्थापनका लागि अनुदान दिइने रकमलाई विद्यालयहरुले विद्यालय व्ययवस्थापन समितिको निर्णयबमोजिम कार्यरत निजीस्रोत शिक्षकहरुको तलबमा मात्र खर्च गर्नु पर्नेछ ।

## परिच्छेद-३

## विविध

९. कार्यविधिको संशोधनः 'सामुदायिक विद्यालयहरुलाई निजी स्रोत शिक्षक व्यवस्थापन अनुदान वितरण कार्यविधि २०७७' को संशोधन आवश्यकता भएको समयमा कार्यपालिकाको सामान्य बहुमतबाट संसोधन गर्न सकिने छ ।

१०. प्रचलित कानुनबमोजिम हुने : यस कार्यविधिमा उल्लेख भए बाहेकका विषयहरु प्रचालित कानुन बमोजिम हुने छ ।

११. निरीक्षण गर्न सक्ने : यस कार्यविधिको कार्यान्वयन भए नभएको निरीक्षण एवम् अनुगमन गर्ने

अधिकार गाउँशिक्षा समितिको हुनेछ । साथै यस कार्यविधि बमोजिम शैक्षिक अनुदान रकम कार्यान्वयन नभएको पाइएमा अनुदान रकम रोक्का गर्न सकिने छ ।

१२.बाधा अड्चन फुकाउन सक्ने : यस कार्यविधिमा उल्लेखित व्यवस्थाको कार्यान्वयन सम्बन्धमा कुनै बाधा अड्चन आई परेको खण्डमा गाउँ कार्यपालिकाले त्यस्तो बाधा अड्चन फुकाउन सक्ने छ ।

१३.शिक्षण अनुदान दिन सक्ने : गाउँपालिकाको सम्बन्धित वडा कार्यालयले पनि यसै कार्यविधिका आधारमा वडा भित्रका सामुदायिक विद्यालयहरुलाई निजी स्रोत शिक्षक व्यवस्थापन अनुदान रकम विनियोजन गर्न सक्ने छ ।

आज्ञाले,

कमल राज उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत